बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ च.नं. राजश्व शाखा/.............. मितिः २०८०।०५।१९

# सूचना ! सूचना !! सूचना !!!

**(शटर भाडामा लगाउने कार्यको लागि सिलबन्दी बोलपत्र फाराम पेश गर्ने सम्बन्धी)**

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१९)**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०।०५।१० को निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं. ८, नारायणस्थान चोकमा रहेको चार कोठे भवन भाडामा लगाउनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक ब्यक्ति वा ब्यवसायी वा फर्म वा कम्पनीहरुले संस्था/ब्यक्तिको दर्ता तथा नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र, सम्बन्धित स्थानीय तहमा दर्ता तथा सूचिकृत भएको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**ठेक्काको विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | वडा नं. | मासिक न्यूनतम भाडा रु. | टेण्डर फाराम दस्तुर | कै |
|---|---|---|---|---|---|---|
| १ | १६/२०८०।८१ | बेसीशहर नगरपालिका वडा नं. ८, नारायणस्थान चोकमा रहेको भवन भाडामा लगाउने कार्य | ८ | ४०,०००।०० (चालिस हजार मात्र) | १,०००।०० | |

**शर्तहरु**

१. यो ठेक्काको अवधि सम्झौतामा उल्लेख भएको मितिदेखि हाललाई आगामी २०८१ असार मसान्तसम्मको लागि लागू हुनेछ । कार्यालयले उपयुक्त ठानेमा ठेक्का सम्झौताको अवधि पुनः थप गर्न सकिनेछ ।

२. प्रचलित नियमानुसार कालोसूचीमा नपरेका र कार्यालयलाई बुझाउन बाँकी बक्यौता नभएका फर्म वा ब्यवसायीहरु सम्बन्धित निकायमा दर्ता गरी यस कार्यालयमा अनिवार्य सूचिकृत भएको हुनुपर्नेछ । स्थानीयलाई प्राथमिकता दिइनेछ ।

३. सिलबन्दी बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय ५:०० बजेभित्र बेसीशहर नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

४. सिलबन्दी बोलपत्र फाराम सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. सिलबन्दी बोलपत्र फाराम पेश गर्दा प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्म वा ब्यक्तिको नाम, ठेगाना, कामको विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

६. एउटा फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउ-पत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ पत्रहरु अन्तिम दिनको २:०० बजे कर्मचारी वा ठेकेदार पक्षको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै, दरभाउ पत्रदाता वा निजको प्रतिनिधी दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउ-पत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन समयाभाव वा विशेष कारणवश सो कार्य गर्न नसकेमा भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

७. शटर भाडामा लगाउदा बेसीशहर नगरपालिका वडा नं. ८, नारायणस्थानमा रहेको दुई तले भवनको तल्लो खण्डको कोठा तथा शटरहरु मात्र उपलब्ध गराइने छ । भवनको संरक्षण गर्नु स्वयं भाडामा लिने ब्यक्ति वा सञ्चालकको समेत हुनेछ । प्रभावकारी र ब्यवस्थापनका लागि आवश्यक चिम्नी, टायल वा मार्वल आदि प्रयोग गर्नु पर्ने भएमा वा भवनलाई क्षति नपुग्ने गरी कोठाहरु पार्टेशनको कार्य गर्नु परेमा कार्यालयको सहमतिमा कार्य गर्न सकिनेछ । विशेष परिस्थिति पैदा भई कोठा भाडामा संचालन गर्न नसक्ने भएमा १ महिना अगावै यस कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

८. बोलपत्र फाराम स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र आफूले कवोल गरेको मासिक भाडा रकमको १.५ महिना वरावरको भाडा रकम धरौटी वापत यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३०००००२ जम्मा गरेको भौचर सहित सम्झौताको लागि यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । मासिक भाडा भुक्तानी गर्दा महिना समाप्त भएको ७ (सात) दिन भित्र अनिवार्य रुपमा कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

९. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार अन्य दरभाउ-पत्रदातासँग ठेक्का बन्दोबस्त गरिनेछ । क्यान्टिन सञ्चालनमा लाग्ने पानी तथा विजुलीको नियमानुसार शुल्क सम्बन्धित पक्षले नै मासिक रुपमा नै भुक्तानी गर्नु पर्नेछ । नबुझाएमा हर्जना समेतको रकम असूल उपर गरिने छ ।

१०. तोकिएका शर्तहरु पालना गरेको नपाइएमा यस कार्यालयले जुनसुकै बेला यो सम्झौता रद्ध गर्न सक्नेछ ।

११. यस सम्बन्धमा विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका बोलपत्र फाराम स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. "स्थानीय सरकार संचालन ऐन, २०७४" तथा अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन् ।

..............................
इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत